# जापान अध्यागमन ब्यूरोका कर्मचारीहरुको मिशन र संकल्प

"जापान अध्यागमन ब्यूरोका कर्मचारीहरुको मिशन र संकल्प" भनेको अध्यागमन प्रशासनमा संलग्न सबै कर्मचारीहरूले, उनीहरूलाई जनताले सुम्पिएका मिशनहरुलाई नभुलि, आत्मविश्वास र गर्वका साथ आफ्नो कर्तव्य पालना सहित, अध्यागमन प्रशासनको जिम्मेवारीलाई सही रूपमा बहन गर्दै, जनताको विश्वास र अपेक्षा अनुरुप, जापान अध्यागमन ब्यूरोका कर्मचारीहरूले पूरा गर्नुपर्ने मिशन र संकल्प लाई प्रदर्शन गर्ने कुरा हो।

## "जापान अध्यागमन ब्यूरोका कर्मचारीहरुको मिशन"

आधुनिक अन्तर्राष्ट्रिय समुदायमा अध्यागमन नियन्त्रण जुन सार्वभौम राज्यको अधिकार हो, र यसको महत्व झन् झन् बढ्दै गइरहेको छ। ती मध्ये, जापानको अध्यागमन प्रशासनको आधारभूत भूमिकाहरु भनेको सबै मानिसहरूको मानवअधिकारको उच्च सम्मान गर्दै, जापान प्रवेश गर्ने वा छोड्ने साथै जापानमा बसोबास गरिरहेका सबै विदेशी नगारिकहरूको निवासको उचित व्यवस्थापनको सुनिश्चिता गर्ने कुरा, शरणार्थीहरू सम्बन्धि महासन्धिको पक्षको रूपमा शरणार्थीहरूलाई संरक्षण गर्ने कुरा, र त्यसपछि विदेशी नगारिकहरूलाई स्वीकार गर्ने वातावरणिय सुधार संग सम्बन्धित व्यापक समायोजन गर्ने कुराहरु हुन्।

जापानमा, यी भूमिकाहरू खेल्ने अध्यागमन प्रशासनले नियमहरूको पालना गर्ने विदेशी नगारिकहरूलाई सकारात्मक रूपमा स्वीकार गर्दछ भने अर्कोतर्फ जापानको शान्तिसुरक्षामा खलल पुर्याउने विदेशी नागरिकहरूको प्रवेश तथा निवासमा रोक लगाउने, उनीहरूलाई जापानबाटै बाहिर निकालिने जस्ता, निर्बाधरुपमा कडा र उचित अध्यागमन नियन्त्रणलाई कार्यान्वयन गर्ने लक्ष्य राखेका छौ। थपरुपमा, अन्य राष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू संगको समन्वयमा साँच्चै नै शरण लिनु पर्ने आवश्यकता परेका व्यक्तिहरूलाई छरितो र सुरक्षित रुपमा संरक्षण गर्ने लक्ष्य राखेका छौ। यसबाहेक, सम्बन्धित संघसंस्थाहरू संगको सहकार्यमा, जापानी नागरिकहरु र जापानी समाजमा स्वीकार गरिएका विदेशी नगारिकहरू असल छिमेकीको रूपमा संगै मिलेर बस्ने सहअस्तित्व समाजको अनुभूति गर्ने लक्ष्य राखेका छौ। यी कुराहरूलाई बुझेर, जापानमा सुव्यवस्थित समाजको अनुभूति र अर्थतन्त्र/समाजको सुदृढ विकासमा योगदान पुर्याउने कुरा नै अन्तर्राष्ट्रिय समुदायमा प्रतिष्ठित स्थान बनाउनु हो। र यहि नै जापानको अध्यागमन प्रशासनको मिशन हो, यहि नै हामीहरु जापान अध्यागमन ब्यूरोका कर्मचारीहरुको मिशन हो।

## "जापान अध्यागमन ब्यूरोका कर्मचारीहरुको संकल्प"

अध्यागमन प्रशासनमा संलग्न सबै कर्मचारीहरू राष्ट्रिय निजामती कर्मचारीको हैसियतले, सिंगो राष्ट्रको सेवक हौ भन्ने कुरा सधैं हेक्का राखि, सुव्यवस्थित सहअस्तित्व समाजको अनुभूति गर्ने लक्ष्यमा योगदान पुर्याउने मिशन बोकेको कुरामा सचेत हुने संगै, हामीहरुले यस्तो महत्त्वपूर्ण मिशन सुम्पिएका जनताको विश्वासलाई कदरका साथ पूरा गर्नै पर्छ।

त्यसको लागि, निम्न बुँदाहरूमा विशेष ध्यान दिँदै, उच्च व्यावसायिक नैतिकता कायम राखि, निरन्तर आत्म-सुधारको लागि प्रयासरत हुने र आफूले गरेका प्रत्येक निर्णयहरु समग्र रूपमा समाजको हितमा छन् कि छैनन् भनेर आफैलाई प्रश्न गर्दै, हामीहरुले आत्मविश्वास र गर्वका साथ निष्पक्ष निर्णयहरू गरि, इमान्दार भएर कर्तव्य पालना गर्नै पर्छ।

1 अध्यागमन प्रशासनको विज्ञको रूपमा गर्व गर्ने

अध्यागमन प्रशासनको विज्ञको रुपमा सचेत भै, नियम-कानूनहरूलाई ध्यानपूर्वक पढि, कामको दृष्टिकोणबाट ज्ञानको विकास संगसंगै आवश्यक मापदण्डहरूको पालना गर्ने।

2 फराकिलो दृष्टिकोण राखेर कार्य प्रदर्शन क्षमतालाई उच्च पार्ने

सुरुदेखि नै अन्तर्राष्ट्रिय मामिलाहरू समेटिएका सामाजिक प्रवृत्तिहरू बुझ्ने प्रयास गरि, प्रशिक्षण या विभिन्न सामाजिक अनुभवहरू मार्फत उदारता र शिष्टतालाई अझ गहिरो बनाई, फराकिलो दृष्टिकोण र लचिलो प्रकारले सोच्ने सक्ने क्षमता विकास गरि कार्य प्रदर्शनमा उपयोग गर्ने।

3 निष्पक्ष र सुधारको भावना राख्ने

कामहरु निष्पक्ष रूपमा भइरहेका छन् कि छैनन् भनेर सधैं सजग रहि, सुधार गर्नुपर्ने कुराहरुमा बिनासंकोच विचार व्यक्त  गर्ने वा आफैलाई समीक्षा गर्ने।

4 मानव अधिकार र मर्यादाको सम्मान गर्दै शिष्टाचार कायम गर्ने

मानव अधिकार र मर्यादाको सम्मान गरि, मानिसहरूसंग अन्तरक्रिया हुने हरेक परिस्थितिहरूमा, अर्को व्यक्तिको स्थान, संस्कृति या रीतिरिवाजलाई उचित ध्यान दिदै मानिसहरूसंग विनम्रता र शिष्टतापूर्वक व्यवहार गर्ने।

5 मानसिकतालाई बुझ्ने कार्य गर्दै गर्दा शान्त रहने

अर्को व्यक्तिको मानसिकता बुझ्ने क्रममा पनि, भावनामा नडुबिकन, सधै शान्त भएर दृढतापूर्वक ह्यान्डल गर्ने।

6 सुन्ने तथा बोल्ने सिप विकास गर्ने

भित्र र बाहिरका विभिन्न विचारहरू सुन्छौं, दृष्टान्तहरूमा बाँध्न नदिई व्यापक रूपमा जनताको भावना अनुरूप निर्णय गर्ने प्रयास गरि, सम्बन्धित पक्षहरू सहित समग्र समाजको बुझाइ हासिल हुने गरि आवश्यक स्पष्टीकरण दिइने, र सक्रिय रूपमा सूचना प्रवाह गर्ने।

7 विभिन्न सरोकारवाला र संघसंस्थाहरूसँग राम्रो सम्बन्ध विस्तार गर्ने

सरोकारवाला र संघसंस्थाको समझदारी र सहकार्यविना उचित अध्यागमन प्रशासन,गर्न सकिँदैन भन्ने कुरालाई स्वीकार गर्दै, चाहे स्वदेशी होस् या विदेशी, चाहे सार्वजनिक होस या निजी जे भएता पनि, सम्बन्धित पक्ष र संघसंस्थाहरूसंग राम्रो सम्बन्ध विस्तारको प्रयास गर्ने।

8 खुला संगठनात्मक संस्कृति सिर्जना गर्ने

कर्मचारीहरू एकअर्कालाई सम्मान गर्ने, स्वतन्त्र रूपमा आफ्ना विचारहरू व्यक्त गर्ने, र आफैले निर्णय गर्न गाह्रो हुने विषयहरूमा आफ्ना सहकर्मीहरु वा सिनियरहरुसंग तुरुन्तै परामर्श तथा रिपोर्ट गर्न सक्ने खुला संगठनात्मक संस्कृति सिर्जनाको प्रयास संगै, ग्रुपबन्धि (sectionalism) नगरि पूरै संगठन एकबद्ध भै चुनौतिहरुको सामना गर्ने।